# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

# जीतपुरसिमरा उपमहानगरपालिका

मितिः २०८३ जेठ २४ गते श्री ने.रा.मा.वि.सिमराको सभाहल

हामी यस उपमहानगरपालिकामा निर्वाचित भई आएको पाचौं वर्षमा प्रवेश गरेका छौं । नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको यस जीतपुरसिमरा उपमहानगरपालिकाको नगर सभाको चौधौं अधिवेशनमा उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,
जीतपुरसिमरा उपमहानगरपालिकाको गरिमामय चौधौं नगरसभामा उपस्थित उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य, नगर सभा सदस्य लगायत संचारमाध्यमको प्रत्यक्ष प्रशारण बाट सुनिरहनुभएका सम्पूर्ण नगरवासी आमाबुवा, दिदिवहिनी, दाजुभाईहरुमाझ जीतपुरसिमरा उपमहानगरपालिकाको चौधौं नगरसभाको पहिलो वैठकलाई नीति तथा कार्यक्रम मार्फत सम्वोधन गर्न पाउँदा म गौरवान्वित छु ।

हाम्रै नेतृत्वको नगरसभाले अङ्गीकार गरेको ***"आत्मनिर्भर, सक्षम एवं जनमुखी स्थानीय सरकार, समृद्धिपुर्ण सुशासन जीतपुरसिमराको आधार"*** भन्ने अवधारणा एवम् दीर्घकालीन सोचलाई निरन्तरता दिई उपमहानगरपालिकाको विकास र जनताको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यस ऐतिहासिक नगरसभाको चौधौं अधिवेशन सम्पन्न गर्न गइरहेका छौं। यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका साथै राजनीतिक, सामाजिक परिवर्तनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनितिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरु तथा यसै उपमहानगरपालिकाको प्रथम नगर प्रमुख स्व. डा.कृष्ण प्रसाद पौडेल, कार्यपालिका सदस्य स्व.रामपति देवी थरुनी र न्यायिक समिति सदस्य स्व.जदोलाल सहनी प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि अगाडि बढ्दै गर्दा बेपत्ता भएकाहरु र घाइते योद्धा, अपांगहरु र तिनका परिवारप्रति उच्च सम्मान तथा स्वास्थ लाभको कामना गर्दछु ।

नगर सभाको यस अधिवेशनसम्म आईपुग्दा हामीले चार वर्षको कार्यकाल पुरा गरेका छौं । यस अवधिमा उपमहानगरबासीले सुम्पेको जिम्मेवारीलाई पूरा गर्न स्व-उत्प्रेरित भई काम गरिरहेका छौं । अझै पनि उपमहानगरवासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी जीतपुरसिमरालाई राष्ट्रकै एक सुन्दर, स्वच्छ, समृद्ध एवम् लोककल्याणकारी उपमहानगर बनाउने उच्च आदर्शले प्रेरित भई निरन्तर लागिरहनेछौं ।

नगर सभा सदस्यज्यूहरु,
अव म जीतपुरसिमरा उपमहानगरपालिकालाई व्यवस्थित र समृद्ध उपमहानगर वनाउन नेपालको संविधान, प्रचलित ऐन, कानून, नियम, संघ तथा प्रदेशको नीति तथा कार्यक्रम समेतको उपयुक्त कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि निम्न अनुसार नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्दछु ।

## १. शिक्षा सम्बन्धी नीतिः

(१) संस्थागत विद्यालयहरुको वर्गिकरण तथा शुल्क पुनरावलोकन गरी वैज्ञानिक र मापदण्डमा आधारित बनाइनेछ।

(२) सामुदायिक र संस्थागत विद्यालयहरुबीच असल अभ्यास आदान प्रदान र शैक्षिक सुधारका लागि शिक्षकहरुको कक्षा साझेदारी गरिनेछ ।

(३) **"हामी बनाउछौं हाम्रो बिद्यालय"** अभियानलाई निरन्तरता दिईनेछ ।

(४) सामुदायिक र संस्थागत विद्यालयहरुबिच शैक्षिक विकास, विद्यार्थीहरुमा भेदभाव रहित समाज बनाउन उपमहानगरपालिकाभित्रका सम्पूर्ण विद्यालयमा एकै प्रकारका पोशाकको अवधारणा अभ्यासमा ल्याईनेछ ।

(५) सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि उपमहानगरका आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ । साथै, संस्थागत विद्यालयहरुमा समेत स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ ।

(६) सामुदायिक विद्यालयका बालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत सबै छात्रछात्राहरुलाई उपमहानगरपालिकाको तर्फबाट निःशुल्क पोशाक वितरण कार्यलाई निन्तरता दिईनेछ ।

(७) सामुदायिक विद्यालयहरुमा स्मार्ट कक्षा र ई-लाईब्रेरी निर्माण गरी सो मार्फत अध्ययन/अध्यापन गर्न नीति लिईनेछ । विद्यार्थीहरुलाई आधारभूत तहदेखी नै सूचना तथा प्रविधिको क्षेत्रका विषयमा जानकारी गराई अभिप्रेरित गरिनेछ।

(८) नेपाल सरकारवाट संचालित पढदै कमाउदै कार्यक्रमलाई प्राथमिकताका साथ लागु गर्न उपमहानगरका विभिन्न कार्यक्रम, सर्वे तथा OJT गर्नको लागि उपमहानगरद्वारा सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसहरुलाई कार्यविधि बनाई अनुदान दिने व्यवस्था मिलाईनेछ ।

(९) उपमहानगरपालिकाभित्रका केही आधारभूत विद्यालयहमा दिवा बास तथा माध्यामिक विद्यालयहरुमा छात्रवास सहितको अध्यापनको व्यवस्था मिलाईनेछ ।

(१०) शिक्षा शाखाको नेतृत्वमा शैक्षिक सुधार ईकाई गठन गरी शिक्षकहरुको बिषयगत समिति बनाई सम्बन्धित बिषयको सिकाइ उपलब्धी वृद्धिका लागि कार्य योजना बनाइने छ ।

(११) यस उपमहानगरपालिकाभित्रका सार्वजनिक विद्यालयहरुमा +२ मा विज्ञान पढ्ने विद्यार्थीहरुलाई दिईने विशेष छात्रवृत्तिलाई निरन्तरता दिईनेछ ।

(१२) समयसापेक्ष शिक्षा नीति परिमार्जन गर्न विभिन्न अध्ययन तथा सर्वेहरु गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(१३) संस्थागत विद्यालयले प्रदान गर्ने न्युनतम १० प्रतिशत छात्रवृत्तिलाई अझै परिष्कृत गर्दै लगिनेछ।

(१४) यस उपमहानगरलाई **साक्षर उपमहानगर** घोषणा गर्न सघन साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

(१५) सामुदायिक विद्यालयहरुमा खुल्ला तथा प्रतिस्पर्धाको आधारमा प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(१६) माथिल्लो तहमा अध्यापनरत तल्लो तहका शिक्षकहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

(१७) दश वर्षे बिद्यालय शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

## २. स्वास्थ्य सम्बन्धी नीतिः

(१) नगरवासीलाई स्वास्थ्यमा प्रत्यक्ष पहुँच पुर्याउन हाल संचालित **"घर घरमा नगर अस्पताल"** कार्यक्रमलाई थप प्रविधिमैत्री र परिस्कृत गर्दै लगिनेछ ।

(२) नगरपालिकाभित्रका सम्पूर्ण घरधूरीलाई अनिवार्य स्वास्थ्य बिमामा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

(३) सार्वजनिक स्थल तथा विद्यालय पेरिफेरीमा धुम्रपान/मद्यपान निषेध गर्ने व्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐनलाई प्रभावकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाइनेछ ।

(४) जीतपुरसिमरा अस्पतालको सेवालाई अझै परिष्कृत गर्दै विशेषज्ञ सेवा सहित नव निर्मित भवनबाट सेवा संचालन गरिनेछ । उक्त सेवा प्रदान गर्दा हाल भई रहेको सेवालाई जनमुखि बनाई मृगौला रोगीलाई डायलाइसिस सेवा, सघन उपचार कक्ष र सर्पदंस सेवा समेत सन्चालनमा ल्याईनेछ ।

(५) नेपाल रेडक्रस सोसाईटी ब्लड बैङ्क मार्फत नगरबासीलाई निःशुल्क रक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

(६) नागरिक आरोग्यता प्रबर्द्धन गर्न सन्तुलित भोजन, उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह देखिनै सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ ।

(७) क्यालोरीमा आधारित उपभोग प्रणाली लागू गर्न अग्रणी सेवा प्रदायक संस्थाहरु होटल, रेस्टुरेन्ट, भोजनालय र चमेनागृहलाई प्रेरित गरिनेछ र त्यस्तो कार्यमा प्राबिधिक सहयोग समेत उपलब्ध गराइनेछ ।

(८) नगरभित्र अत्यन्तै न्यून संख्यामा रहेका धाँगड, माझी, दुषाध, हजरा, दलित लगायतका जातीय र वर्गिय रुपमा पिछडीएका, सहिद परिवार, जनआन्दोलन, मधेश आन्दोलन, जेन-जी आन्दोलन तथा जनयुद्धमा घाईते भएका व्यक्तिहरुलाई जीतपुरसिमरा अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाईनेछ ।

(९) उपमहानगरवासीको Digital Health Record (E-Health Profile) लागू गरी अनलाइन स्वास्थ्य परामर्श (Telemedicine) सेवा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । साथै अनलाईन प्रविधिमा आधारित स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सबै स्वास्थ्य संस्थामा लागू गरिनेछ ।

(१०) पोषणमैत्री उपमहानगर बनाउने कार्यको सुरुवात गर्न पोषण तथा खाद्य सुरक्षाको दृष्टिले पछि परेको वडाहरुमा पोषणमैत्री कार्यक्रम सुरुवात गरी क्रमशः यस उपमहानगरलाई पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ ।

(११) नगरभित्र गरिने सवै प्रकारका स्वास्थ्य शिविरहरुलाई एकद्वार प्रणाली अनुरुप संचालन गरिनेछ ।

(१२) महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाई सुदृढ बनाउनका लागि प्रदान गरिदै आएको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन लाई निरन्तरता दिइनेछ ।

(१३) सबै विद्यालयहरुमा बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकारी रुपमा लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

(१४) नीजि तथा गैरसरकारी संघ संस्थाको सहकार्यमा आँखा स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्ने नीति लागू गरिनेछ ।

## ३. पूर्वाधार बिकास सम्बन्धी नीति :

(१) उपमहानगरभित्र निर्माण हुने सडक पूर्वाधारहरुमा सडक ढलान कार्यलाई निरुत्साहित गर्दै कालोपत्रेमा जोड दिइनेछ ।

(२) GIS मा आधारित Smart Road System (सौर्य बत्ती, CCTV, स्मार्ट संकेत) कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

(३) निर्माण भएका सडक र सडकमा रहेका विद्युतिय तार, पोलहरु सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी नाङगो तारलाई कालो तारद्वारा प्रतिस्थापन र भूमिगत गर्न पहल गरिनेछ ।

(४) कुनै पनि निर्माण कार्य गर्नुपूर्व नै लागत अनुमान तथा ईस्टिमेट तयार गरी बजेट व्यवस्थापन गरी क्रमशः योजना निर्माण कार्य अघि वढाईनेछ ।

(५) भूकम्प, बाढी, डुबान तथा आगलागी प्रतिरोधी संरचना निर्माणमा जोड दिईनेछ । साथै, सार्वजनिक भवनमा विपद् सुरक्षा मापदण्ड लागू गरिनेछ ।

(६) सडक, नाला निर्माण तथा स्तरोन्नती गर्दा अनिवार्य रुपमा विद्युत पोल सार्ने कामलाई समेट्न लागत अनुमानमा नै पोल सार्ने काम समावेश गर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

(७) नगर क्षेत्रभित्र ढल, नाला तथा बाटोको थप क्षती हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण, निर्माण सामग्री र जनशक्ति सहितको पूर्वाधार एम्बुलेन्स सेवालाई संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ । यसका लागि आबश्यक उपकरण तथा जनशक्तिको उचित व्यवस्था मिलाइनेछ ।

(८) नगर क्षेत्रभित्र रहेका पुराना मन्दिर, पाटी, पौवा, पानीका मुहान, ईनार तथा पोखरीको पुनर्स्थापना, संरक्षण तथा सम्वर्द्धन कार्यलाई निरन्तरता दिईनेछ ।

(९) उपमहानगरपालिकामा गरिने खरिद सम्बन्धी सम्पूर्ण कार्यहरु सार्वजनिक सूचना आह्वान गरेर प्रक्रिया अगाडी बढाईनेछ ।

(१०) उपमहानगरपालिकाले गर्ने विकास निर्माणका कार्यहरुमा काम गर्ने श्रमिकलाई कार्य सम्झौता गर्ने समयमा नै बिमा गर्न निर्माण व्यवसायी मार्फत व्यवस्था मिलाईनेछ ।

(११) नगरमा भएका विकास निर्माणका कार्य गर्ने निर्माण व्यवसायीहरुलाई कार्य सम्पादन तथा सम्पन्नताका आधारमा पुरस्कृत तथा दण्डित गर्ने नीति लिईनेछ ।

(१२) सार्वजनिक जग्गाको संरक्षण गरी हरित पार्क तथा खुला व्यायाम स्थलहरु निर्माण गर्ने नीति लिईनेछ ।

(१३) Green Building Concept अपनाईने र सडक किनार वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्य गरिनेछ ।

(१४) भवनको नक्सा पास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमति प्रणाली (Electronic Building Permit System) लाई थप प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

(१५) नगर क्षेत्रभित्र मेट्रिक ठेगाना प्रणाली र सबै भवनहरुलाई लेखाङ्कन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(१६) भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(१७) यस उपमहानगरपालिकाको भित्री सडकमा सार्वजनिक यातायात संचालनको पहल गरिनेछ ।

## ४. कृषि तथा पशु पन्छीतर्फः

(१) कृषि सिंचाई विद्युतीकरण तथा ट्रान्सफर्मर विस्तार लाई निरन्तरताको साथै अझै परिष्कृत गर्दै लगिनेछ ।

(२) अर्गानिक तथा बिषाधि रहित कृषि खेतीको लागि किसानहरुलाई सचेतना कार्यक्रम, अनुदान तथा आवश्यक प्राविधिक सहयोगको प्रबन्ध मिलाइनेछ ।

(३) कृषकले उत्पादन गरेका कृषि उपजहरूको सहज बिक्री तथा उपभोक्ताले कृषि उपजको सहज र सरल तरिकाले किनेर उपयोग गर्न पाउने व्यवस्थाको लागि स्मार्ट कृषि एप्लिकेशनको सुरुवात गरिनेछ ।

(४) जीतपुरको गुदरी बजार, फत्तेपुर बजार, ईनर्वाशिरा बजार, डुमरवाना बजार तथा लोसण्डा बजार लाई ग्रामिण कृषि हाट बजारको रुपमा विस्तार गरी उचित व्यवस्थापन गरिनेछ ।

(५) उपमहानगरपालिकाभित्रका खेतीयोग्य जमिनमा सिँचाइको पर्याप्तता सुनिश्चित गर्न हाल जीर्ण अवस्थामा रहेका ड्याम, नहर तथा कुलोको मर्मत गर्ने तथा कृषकहरूलाई साना सिँचाइमा अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ ।

(६) भेटेरीनरी र कृषि (११ र १२) मा अध्ययनरत् विद्यार्थीहरुलाई स्वंसेवकको रूपमा किसानको खेतगोठमा लग्ने नीति लिईनेछ ।

(७) उपमहानगरभित्र कृषि तथा पशुजन्य खाद्यबस्तुको गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ ।

(८) उपमहानगरबासीलाई सर्वसुलभ तवरले तरकारी, फलफूलको उत्पादन पश्चात निर्यात गर्न शीत भण्डारण निर्माण गरिनेछ ।

(९) कृषक प्रोत्साहन, कृषि वीमा, सहुलियत कर्जा र न्यूनतम समर्थन मूल्य जस्ता किसानमैत्री कार्यक्रम सञ्चालन गरिनेछ र सोका लागि संघ र प्रदेशसंग पनि समन्वय गरिनेछ ।

(१०) उपमहानगरपालिकाको कृषक तथ्याङ्क संकलन गर्ने र सोही अनुरुप कृषक तथा कृषि क्षेत्रको अनुपातको आधारमा मलखाद्य, बिउ बिजनको सहज उपलब्धतालाई निरन्तरता दिईनेछ ।

(११) माटो प्रयोगशाला तथा पशुपंक्षी प्रयोगशाला निर्माणको लागि संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ ।

(१२) कान्जी हाउस निर्माण गरी छाडा पशु चौपायाहरुको ब्यबस्थापन गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

(१३) कृषि र पशु सेवा केन्द्रलाई व्यवस्थित गर्न विषेश नीतिको अबलम्बन गरिनेछ र आवश्यक्ताको आधारमा जनशक्ति थप गर्दै लगिनेछ ।

(१४) व्यवसायिक पशुपालनको लागि नश्ल सुधार, गोठ सुधार तथा व्यवसायिक कृषि, पशु उत्पादनको लागि अनुदाको व्यवस्था गरिनेछ ।

(१५) सामुहिक खेतीलाई प्रोत्साहन गर्न आवश्यक वित्तिय व्यवस्थापन गरिनेछ । साथै उत्पादनको आधारमा कृषक अनुदानको व्यवस्था गरिनेछ ।

(१६) आधारभूत खाद्यवस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने नीति लिईनेछ । कृषक प्रोत्साहन, कृषि वीमा, सहुलियत कर्जा र न्यूनतम समर्थन मूल्य जस्ता किसानमैत्री कार्यक्रम सञ्चालन गरिनेछ र सोका लागि संघ र प्रदेशसंग पनि समन्वय गरिनेछ ।

(१७) माछा, मासु तथा दुग्धजन्य वस्तुमा आत्मनिर्भर हुन आवश्यक नीति कार्यान्वयनमा ल्याईनेछ ।

## ५. प्रशासन तथा सुशाशन सम्बन्धी नीतिः

(१) कर्मचारीमा रहेको ज्ञान, सिप, योग्यता र दक्षताको अधिकतम् उपयोग गर्न कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी नतिजाका आधारमा उत्प्रेरणाका उपायहरू अवलम्बन गरिनेछ ।

(२) कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन दिने प्रणाली अवलम्बन् गरिनेछ ।

(३) नागरिक सुझाव पेटिका तथा Hotline सेवा सञ्चालन गरी नागरिकका गुनासोहरुको तत्काल संबोधन गर्ने व्यवस्था गरिनेछ । साथै, सेवा प्रवाहमा QR Feedback System लागू गरिनेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा **सुशासन तथा प्रशासन सुधार समिति** गठन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाईनेछ ।

(५) उपमहानगर स्थापना दिवसलाई थप परिष्कृत गर्दै लगिनेछ र सो अवसरमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रदान गरिने पदक, सम्मान र पुरस्कारलाई निरन्तरता दिइनेछ ।

(६) यसै आर्थिक वर्ष देखि Paperless Office System (अफिस अटोमेशन) लागू गरिनेछ । Digital Signature लाई यसै आर्थिक बर्षदेखि कार्यान्वयनमा ल्याइनेछ ।

(७) नगर कार्यपालिकको कार्यालयबाट प्रवाह हुने सेवाहरु क्रमशः वडा कार्यालयबाट प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

(८) उपमहानगरपालिकाको Digital Profile बनाउने कार्यलाई अगाडी बढाईनेछ ।

(९) कर्मचारीहरुको लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंग समन्वय गरी तहगत अनुसार सेवाकालिन तालिमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

(१०) उपमहानगरपालिकाका सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिहरुको दुर्घटना बीमा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(११) उपमहानगरपालिका तथा मातहतका कार्यालयहरुमा Digital नागरिक वडापत्र राख्ने व्यवस्था मिलाईनेछ ।

(१२) उपमहानगरपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री, सुशासनयुक्त र मुस्कान सहितको सेवा बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

(१३) यसै आर्थिक वर्ष देखि अनलाईन हेल्प डेस्क संचालनमा ल्याइनेछ ।

(१४) दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण सहितको पहिलो पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनमा ल्याईनेछ ।

(१५) जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालीम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वयबाट संचालन गरिनेछ।

## ६. राजस्व, वित्त व्यवस्था तथा आर्थिक विकास सम्बन्धी नीति :

(१) करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन **स्वेच्छिक कर सहभागिता अभियान** संचालन गरी राजस्व प्रणालीलाई करदातामैत्री तथा बैज्ञानिक बनाइनेछ ।

(२) दहत्तर बहत्तर तथा पटके प्रकृतिको करलाई बिद्युतिय माध्यमबाट संकलनमा लगिनेछ ।

(३) राजस्व सम्भाव्यता अध्ययन (Revenue Potential Study) गरी नयाँ आय स्रोत पहिचान गरिनेछ ।

(४) प्रचलित कानून बमोजिम लाग्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

(५) सार्वजनिक–निजी साझेदारी (PPP) मोडलमार्फत लगानी आकर्षित गरिनेछ ।

(६) कर संकलनको लागि व्यवस्था गरेको अनलाइन प्रणालीलाई थप व्यबस्थित गरी सबै करहरुलाई करदाताको पहुँचमा वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

(७) एकल महिला तथा अपाङ्गता भएका व्यक्ति प्रमुख संचालक, प्रोपाईटर भई उद्योग, व्यवसाय दर्ता गरेमा तोकिएको करमा २५% छुट दिने व्यवस्था गरिनेछ ।

(८) विगत आ.व.मा भएको बेरुजु फछ्यौंट कार्यलाई निरन्तरता गरिनेछ ।

(९) मालपोत तथा भूमिकर को दररेट पुनरावलोकन गरिनेछ । मालपोतमा रहेको जग्गा को स्वामित्व अनुसारको कर प्रणालीलाई प्रतिकठ्ठा एकाइदर कायम गरिनेछ । मालपोत कर १० देखि २५% सम्म घटाइनेछ।

(१०) जीतपुरसिमरा क्षेत्रका शहिद परिवार, जनआन्दोलन, मधेश आन्दोलन, तथा जनयुद्धका घाईते तथा वेपत्ता परिवारलाई जिविकोपार्जनको लागि आर्थिक सहायताको व्यवस्था गरिनेछ ।

(११) नगरपालिकाबाट कर चुक्ता प्रमाणपत्र दिने व्यवस्था मिलाईनेछ ।

(१२) नगरपालिकाको अनुगमन समितिलाई तदारुकताका साथ अनुगमनमा खटाई राजश्वव संकलनमा अभिवृद्धि गरिनेछ ।

(१३) बिज्ञापन कर, व्यवसाय कर, सम्पत्ति कर, प्रदुषण सेवा शूल्क, मनोरञ्जन कर, नक्सापास दस्तुर जस्ता करहरु लाई प्राथमिकतामा राखी करका दर भन्दा दायरा फराकिलो बनाई आर्थिक ऐन निर्माण गरिनेछ ।

(१४) नगरपालिका क्षेत्रमा स्थापना भै संचालनमा रहेका स्थानीय सीप, कला, स्थानीयलाई रोजगारी दिने र वातावरणमा प्रतिकुल असर नगर्ने प्रकृतीका उद्योगलाइ ब्यवसाय करमा छुट दिने नीति लिइनेछ ।

(१५) नगरपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको सुक्ष्म रुपमा पहिचान र उचित व्यबस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत बृद्धि गर्दै लैजाने नीति अबलम्बन गरिने छ ।

## ७. वन, वातावरण र फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीतिः

(१) सामुदायिक वन उपभोक्ता समितिहरु तथा डिभिजन वन कार्यालयसंग समन्वय गरी जंगली जनावरहरुलाई खानेपानीको व्यवस्था मिलाउन जंगलभित्र पोखरी बनाउन पहल गरिनेछ ।

(२) सडकको दायाँवायाँ दुवै तर्फ, खोलाका किनार, पैनीको किनारमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

(३) आफ्नै डम्पिङ् साइट निर्माण गर्ने र तत्कालै सेग्रिगेशन मेसिन जडान गरी फोहोरमैला प्रशोधन गरिनेछ ।

(४) फोहोरमैलाको दिगो व्यवस्थापनको लागि फोहोरलाई स्रोतमा नै वर्गिकरण गरी कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने र नकुहिने फोहोरलाई पुनःप्रयोग गर्ने कार्यलाई अभियानको रुपमा संचालन गर्न टोल विकास समितिलाई परिचालन गरिनेछ ।

(५) औधोगिक प्रदुषण न्यूनिकरण गर्न प्रदुषण उत्पादन गर्ने मात्राका आधारमा प्रदुषण सेवा शुल्क उठाउन प्रदुषण मापक यन्त्र प्रयोगमा ल्याईनेछ ।

(६) स्वच्छ नगर- स्वस्थ नगर बनाउन ४० माईक्रोन भन्दा कमको प्लास्टिकजन्य झोला तथा वस्तुहरुको प्रयोगमा न्यूनिकरण गर्दै वातावरण मैत्री वैकल्पिक झोलाको प्रयोगमा जोड दिईनेछ ।

(७) बस्ती क्षेत्रमा बाँदरको आतंक न्यूनिकरण गर्नको लागि जंगलमा विभिन्न प्रकारका फलफूलका बोटविरुवा लगाउन सामुदायिक बन, डिभिजन वन कार्यालय र पर्सा राष्ट्रिय निकुञ्जसंगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

(८) जंगलको सिमानामा पर्ने क्षेत्रमा वन्यजन्तुले कृषि उपजलाई नष्ट गर्ने गरेको हुँदा पर्सा राष्ट्रिय निकुञ्ज र जिल्ला वन कार्यालय तथा संघीय र प्रदेश सरकारसंग समन्वय गरी वनमा तारजाली लगाउने कार्यलाई निरन्तरता गरिनेछ ।

## ८. कानून तथा मानव अधिकार सम्बन्धी नीति :

(१) आवश्यक्ताको आधारमा स्थानीय कानूनहरुको निर्माण, संसोधन, परिमार्जन तथा एकीकरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

(२) सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र स्थापना गरी स्थानीय विवादहरुलाई मेलमिलाप प्रकियाद्वारा वडाबाटै विवाद निरुपण गर्न अधिकतम प्रयास गराईनेछ ।

(३) संघीय, प्रादेशीक र स्थानीय कानूनको जानकारी नगरबासीलाई गराउन विभिन्न सचेतनामूलक कार्यहरु संचालन गरिनेछ ।

(४) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, पछाडी परेका समुदाय तथा बालअधिकारको संरक्षण र सम्बर्द्धन गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

(५) सबै प्रकारका भेदभाव, कुरीति तथा हिंसा अन्त्य गर्न जागरण, मानसिक स्वास्थ्य, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु विद्यालय तहदेखि संचालन गरिनेछ ।

(६) सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

## ९. सामाजिक विकाससँग सम्बन्धी नीति:

(१) बालमैत्री उपमहानगर घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

(२) असहाय, बेवारिसे तथा सडक सहयोगापेक्षी मानव उद्धार, उपचार तथा व्यवस्थापनको लागि मानव सेवा आश्रमसँगको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ ।

(३) ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव पुस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।

(४) ज्येष्ठ नागरिकहरुलाई मानसिक एवम् शारीरिक रुपमा सक्रिय बनाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।

(५) उपमहानगर दिवसलाई अझै परिस्कृत गर्दै लगिनेछ ।

(६) बालश्रम न्यूनीकरण, अनलाईन सुरक्षा, डिजिटल साक्षरता, आत्मरक्षा, मानसिक स्वास्थ्य, प्रमुखसंग बालबालिका छलफल कार्यक्रम जस्ता बालबालिका केन्द्रित कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

(७) नगरबासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ । महिलाले संचालन गर्ने व्यवसायका लागि बीउपूँजी (Seed Money) र ब्यबस्थापन तालिम प्रदान गर्ने ब्यवस्था मिलाइनेछ ।

(८) महिला तथा दलित महिला जनप्रतिनिधिहरुलाई नेतृत्व तथा क्षमता विकास गर्ने तालिम तथा गोष्ठीहरु संचालन गरिनेछ ।

(९) लैङ्गिक हिंसामुक्त नगर निर्माणको लागि लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्धमा निरोधात्मक उपाय अवलम्बन गर्दै प्रभावित महिला र बालबालिकालाई उद्धार, राहत, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा तथा पारिवारिक पुनर्मिलनका लागि अल्पकालीन सुरक्षित आश्रय स्थलको सञ्चालनलाई निरन्तरता दिई लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

(१०) अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारमा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(११) नगरलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउन परिवार, टोल, विद्यालयलगायत सरोकारवालाहरुसंगको सहकार्यमा वडा हुँदै क्रमशः नगरलाई बालमैत्री उपमहानगरपालिका घोषणा गरिनेछ ।

(१२) लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता अपांगता र सामाजिक समावेशीकरण GEDSI Policy सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(१३) अपाङ्गता भएका व्यक्तिलाई दैनिक जीवनयापनमा सहजता पुऱ्याउनको लागि सहायक सामाग्री वितरण गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

(१४) नगरभित्रका सार्वजनिक स्थानहरुमा सार्वजनिक व्यायामशाला, सार्वजनिक शौचालय, योगपार्क, ध्यानकेन्द्र, ज्येष्ठ नागरिक मैत्री पार्क तथा वाल उद्यानहरु निर्माण गर्ने कार्यलाई निरन्तरता गरीनेछ ।

## १०. सहकारी, श्रम तथा रोजगार सम्बन्धी नीतिः

(१) उद्योग, कलकारखाना तथा विशेष आर्थिक क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको सर्वेक्षण गरी उनीहरुको समन्वयमा नगरभित्रका युवालाई तालिम दिई दक्ष जनशक्ति निर्माण गरी रोजगारी दिने व्यवस्था मिलाईनेछ।

(२) नगरभित्रका विद्यार्थीहरु तथा स्थानीय युवालाई OJT मार्फत Volunteering Worker हुँदै स्थायी प्रकृतिको कामका लागि योग्य बनाईनेछ ।

(३) सहकारीको माध्यमबाट गरिव विपन्न वर्गका सदस्यहरुको संलग्नतामा संचालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न, रोजगारी सृजना गर्न सहकारी संस्था र उपमहानगरपालिका विच साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

(४) विषयगत सहकारीहरुलाई कानून बमोजिमको विषयगत कार्य गर्न अनिवार्यता गरिनेछ ।

(५) नवीन सोच तथा युवा उद्यमशीलतालाई प्रोत्साहन गरी स्टार्टअप व्यवसाय प्रवर्द्धनका लागि Idea Mart संचालन गरिनेछ ।

(६) उपमहानगरबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई दिईने श्रम स्वीकृति सेवालाई थप प्रभावकारी बनाउनुको साथै मर्यादित बनाईनेछ ।

(७) उपमहानगरपालिकाभित्र श्रम डेस्क निर्माण गरी श्रमिकहरुको पंजीकरण तथा अभिलेखाङ्कन गरिनेछ ।

(८) अनौपचारिक क्षेत्रका सम्पूर्ण श्रमिकहरुलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँदै लगिनेछ ।

(९) नगर क्षेत्रमा कृयाशिल बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।

(१०) सिप मेला आयोजना गरी विभिन्न क्षेत्रका दक्ष जनशक्ति निर्माण गरिनेछ ।

(११) हरेक वडाहरुमा लघु उद्यम विकास कार्यक्रम मार्फत घरेलु तथा लघु उद्यमी सृजना गरी रोजगारीको व्यवस्था मिलाईनेछ ।

## ११. खेलकुद सम्बन्धी नीतिः

(१) उपमहानगरपालिकाभित्रका विद्यालयहरुमा ग्रासरुट खेलकुद तथा विद्यालय स्तरमा गरिने लिग प्रतियोगितालाई निरन्तरता गरिनेछ।

(२) खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि छुट्टै कोषको व्यवस्था गरिनेछ ।

(३) विभिन्न प्रकारका खेलकुद तथा अतिरिक्त क्रियाकलापहरुलाई विद्यालय केन्द्रित गरी आयोजना गरिनेछ । साथै, प्रतिफल नदिने तथा खेलमा जनशक्ति उत्पादन नगर्ने प्रकृतिका खेलकुदलाई दिने अनुदानमा कटौती गर्दै लगिनेछ ।

(४) लोकप्रिय खेलहरुको व्यवसायिक प्रशिक्षक उत्पादन गर्न आवश्यक्ता अनुसार प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिनेछ ।

(५) सिमरा रङ्गशाला निर्माणलाई निरन्तरता दिन संघ तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ ।

(६) उपमहानगरपालिकाभित्र क्रिकेट रङ्गशाला निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

(७) जीतपुरसिमरा गोल्डकप तथा विभिन्न स्मृति कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ । फुटवल लगायत अन्य खेलहरुको प्रवर्द्धनमा ध्यान दिइनेछ ।

(८) क्लव तथा संस्थालाई खेलको नाममा दिने अनुदान रकम लाई क्रमशः निरुत्सान गर्दै लगिनेछ ।

(९) नगरपालिका क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अबधारणा अन्तर्गत खेलकुदका पूर्वाधारहरु निर्माण, सामाग्री वितरण साथै खेलकुद तथा अन्य कार्यक्रमहरु समेत आयोजना गर्न बिशेष जोड दिइनेछ ।

(१०) राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित, प्रतिस्पर्धी र मर्यादित बनाउदैं सो कार्यक्रमलाई निरन्तरता दिईनेछ र नगरभित्रका विद्यालयलाई सहभागिताको आधारमा आर्थिक सहयोग प्रदान गरिनेछ ।

## १२. भूमि प्रशासन सम्बन्धी नीतिः

(१) जग्गा वर्गिकरणको कार्य यसै आर्थिक वर्षमा कार्यान्वयनमा ल्याईनेछ ।

(२) भूमी प्रशासन कार्यालयबाट प्रवाह हुने सेवालाई यसै आर्थिक वर्षभित्र उपमहानगरपालिका मातहतमा ल्याई सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

(३) अव्यवस्थित सुकुम्बासी तथा भूमिहिन दलितहरुलाई लालपुर्जा उपलब्ध गराउन संघ सरकारसंग समन्वय गरिनेछ ।

(४) शहरीकरणको नाममा भएको अव्यवस्थित प्लटिङ्ग तथा प्लानिङ्गलाई नियमन गरी स्वच्छ र व्यवस्थित शहरीकरण तर्फ अगाडी बढिनेछ ।

(५) सम्पूर्ण वडाहरुको नापी गरि सार्वजनिक जग्गा, पैनी-कुलो तथा ऐलानी जग्गा पहिचान गरी संरक्षण गरिनेछ ।

(६) सार्वजनिक, ऐलानी र पर्ती जमिनको व्यवस्थापन गर्ने, जग्गाको संरक्षण गर्ने र उक्त जग्गा उपमहानगरपालिकको नाममा ल्याउन पहल गरिनेछ । साथै, उक्त प्रकृतिका जग्गाहरु सार्वजनिक हितका लागि संरचना निर्माण गर्ने र अन्य सार्वजनिक प्रयोजनको लागि अधिकतम सदुपयोग हुने गरी प्रयोगमा ल्याईनेछ ।

(७) सार्वजनिक जग्गा ओगटेर निर्माण गरिएका अनाधिकृत संरचनाहरु हटाउने कार्यलाई निन्तरता दिईनेछ ।

## १३. संस्कृति, सम्पदा तथा पर्यटन प्रवर्द्धन सम्बन्धी नीतिः

(१) उपमहानगरपालिका क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पाटी, पौवा, चैत्य, स्तुप, मस्जिद आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ ।

(२) ऐतिहासिक महत्वका कर्मकुमारी धारा लगायतका स्थानहरुलाई ऐतिहासिक परिचय खुल्ने गरी पर्यटकिय गन्तव्य तथा संग्रहालय बनाउन संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

(३) थारु तथा दनुवार जातीको संस्कृति झल्कने गरि होम स्टे र थारु संग्रहालय संचालनको लागि निःशुल्क दर्ता तथा अनुदानको व्यवस्था गरिनेछ ।

(४) उपमहानगरपालिकाभित्रका विभिन्न प्रकारका मौलिक जात्रा, झाँकी, मेला, नाँच, तथा संस्कृति जगेर्नाको लागि उचित व्यवस्थापन गरिनेछ ।

(५) पर्सा राष्ट्रिय निकुञ्ज तथा अमलेखगञ्ज क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन साझेदारीमा कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

(६) उपमहानगरपालिका क्षेत्रका मूर्त, अमूर्त सम्पदाको अध्ययन, अनुसन्धान गरिनेछ ।

(७) सिद्धबाबा मन्दिर, अमलेखगंज हात्तिसार तथा पर्सा राष्ट्रिय निकुञ्जलाई त्रिभुजीय संयोजन गरी पर्यटन हबको रुपमा विकास गरिनेछ ।

## १४. विपद् व्यवस्थापन सम्बन्धी नीतिः

(१) दमकलको क्षमता तथा स्टेसनको बिस्तार गरिनेछ ।

(२) यस उपमहानगरपालिकाको विपद् जोखिम नक्साङ्कन Hazard Mapping लाई कार्यान्वनमा ल्याईनेछ।

(३) विपद् व्यवस्थापनका लागि जनस्तर तथा बिद्यालयस्तरमा विपद् सचेतना, उद्धार अभ्यासको कार्यलाई प्राथमिकता दिइनेछ । आगो तथा बाढीबाट हुने जोखिम न्यूनिकरण गर्न बिशेष सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

(४) नगर प्रहरी तथा दमकलका कर्मचारीहरुलाई तत्काल उद्धार गर्नको लागि विषेश तालिमको व्यवस्था गरिनेछ।

(५) तीन तलाभन्दा माथिका सबै भवनहरुमा अनिवार्य रुपमा अग्नि नियन्त्रण प्रणाली जडान गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

(६) बालगंगा, दुधौरा र पसाहा नदीको दायाँबायाँ नदीको नक्सांकन गरी नदी उकास क्षेत्रमा बाँस रोपेर तटबन्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## १५. सूचना तथा संचार नीतिः

(१) नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी विद्युतिय सुशासन प्रवर्द्धन गरिनेछ ।

(२) स्थानीय प्रशासनको समन्वयमा नगर भरी मुख्य मुख्य स्थानहरुमा सि.सि. टिभि जडान गरी अपराध नियन्त्रणका साथै सार्वजनिक सुरक्षालाई चुस्त दुरुस्त बनाउन यसै आ.व. देखी सुरु गरिनेछ ।

(३) उपमहानगरको गतिविधि तथा गुनासो बारेमा विद्युतीय माध्यमबाट सम्बोधन गरी तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।

(४) उपमहानगरपालिकालाई IT Hub बनाउनको लागि संघ, प्रदेश, संघ संस्थाहरु, विषेश आर्थिक क्षेत्र तथा उद्योगहरुको समन्वयमा सूचना प्रविधियुक्त Innovation Centre निर्माण कार्यको लागि पहल गरिनेछ ।

(५) उपमहानगरलाई पूर्ण रुपमा सूचना तथा प्रविधिमैत्री बनाईने छ ।

## १६. सार्वजनिक निजी साझेदारी सम्बन्धी नीतिः

(१) सार्वजनिक निजी साझेदारी प्रारुपमा संचालनमा रहेका परियोजनाहरुको सम्झौता बमोजिम कार्य भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिन एक संयन्त्र गठन गरी परिचालन गरिनेछ ।

(२) सार्वजनिक निजी साझेदारी अवधारणालाई अवलम्बन गरिनेछ । प्रथम चरणमा फोहोरमैला व्यवस्थापन गर्न निजी क्षेत्रमार्फत कार्य गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

(३) उद्योग तथा संघ संस्थाहरुले गर्नुपर्ने व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत विभिन्न क्षेत्रबाट लगानी भित्र्याई नगरपालिकको विकासमा लगाईनेछ ।

अन्त्यमा,

जीतपुरसिमरा उपमहानगरपालिकालाई जनअपेक्षाअनुरूप विकास, सुशासन र समृद्धिको विश्वसनीय आधारका रूपमा स्थापित गर्ने हाम्रो प्रतिबद्धता दृढ र अविचलित रहेको छ । स्थानीय सरकार र नगरवासीबीचको आत्मीयता, विश्वास र सहकार्यलाई थप सुदृढ बनाउँदै आधुनिक प्रविधि, मौलिक पहिचान तथा स्थानीय सम्भावनाको समुचित उपयोगमार्फत यस उपमहानगरलाई समृद्ध, सुरक्षित, व्यवस्थित र सांस्कृतिक जीवन्तताले भरिपूर्ण नगरका रूपमा विकास गर्ने हाम्रो साझा सङ्कल्प हो ।

हामी विकासलाई केवल पूर्वाधार निर्माणमा सीमित नराखी नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने, सहज सेवा प्रवाह सुनिश्चित गर्ने र हरेक नागरिकले स्थानीय सरकार आफ्नो अभिभावक भएको अनुभूति गर्ने वातावरण निर्माणमा प्रतिबद्ध छौं।

उपमहानगरपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, दातृ निकाय, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, नागरिक समाज, युवा शक्ति, मतदाता तथा सम्पूर्ण नगरबासीमा रचनात्मक सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक अपिल गर्दछु ।

मितिः२०८३ जेठ २४ गते आईतवार ।
नेे.सं.११४६ अनालागा सप्तमी ।

राजन पौडेल
प्रमुख